

# शान्ति निर्माणका लागि युवा अभ्यास

## परिवर्तनका लागि हामी

## शान्ति निर्माणका लागि युवा अभ्यास


| | |
|---|---|
| **पहिलो संस्करण:** | फेब्रुअरी २०२६ |
| **लेखक:** | शान्ति तामाङ |
| **समीक्षा:** | निष्छल खरेल, श्रीजना गौतम |
| **डिजाइन:** | फ्रीडम स्टुडियो |
| **प्रकाशक:** | परिवर्तनका लागि हामी |


**©प्रतिलिपि अधिकार सुरक्षित, परिवर्तनका लागि हामी, २०२६**

यो परियोजनाका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (Peace Direct) पिस डाइरेक्टले सहयोग गरेको छ।

**We for Change | Peace Starts Here**

WE FOR CHANGE

PEACE DIRECT

PEACE STARTS HERE

सावित्री गली, मिनभवन - ३१, काठमाडौं, नेपाल
+9779744253229 || info@weforchange.org || www.weforchange.org

# श्रेय तथा कृतज्ञता

यो मार्गदर्शिका सामूहिक समर्पण, सहकार्य, र नेपालमा दिगो शान्ति निर्माणप्रति साझा प्रतिबद्धताको परिणाम हो।

यस स्रोतको अवधारणा निर्माण, अनुसन्धान, र विकास प्रक्रियामा निरन्तर समर्पण, विशेषज्ञता, र अथक प्रयास पुर्‍याउने **We for Change** का सम्पूर्ण परियोजना टोलीप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। स्थानीय शान्ति निर्माण र समुदाय सशक्तीकरणप्रतिको तपाईंहरूको उत्साह नै यस मार्गदर्शिकाको मूल आत्मा हो।

हाम्रो उदार दाता तथा साझेदार **Peace Direct** प्रति हामी विशेष आभार व्यक्त गर्दछौं, जसको सहयोग र विश्वासले यो अनुसन्धान र प्रकाशन सम्भव भएको हो। विश्वभरका स्थानीय शान्ति निर्माणकर्ता र युवा–नेतृत्वका पहलहरूलाई समर्थन गर्ने उहाँहरूको दीर्घकालीन प्रतिबद्धताको हामी उच्च मूल्याङ्कन गर्दछौं।

अनुसन्धान प्रक्रियाभरि विशेषज्ञ मार्गदर्शन, विचारपूर्ण प्रतिक्रिया, र महत्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्नु भएका हाम्रो अनुसन्धान प्रमुख श्री निश्छल खरेलप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं।

यस मार्गदर्शिकाको डिजाइनमा विचारशील र दक्ष सहकार्यका लागि **Freedom Studio** प्रति पनि हाम्रो कृतज्ञता छ। उहाँहरूको सृजनात्मक योगदानले यस प्रकाशनको स्पष्टता, पहुँचयोग्यता, र दृश्य प्रभावलाई अझ सशक्त बनाएको छ।

अन्तर्वार्तामार्फत आफ्ना व्यक्तिगत कथा र अनुभवहरू उदारतापूर्वक साझा गर्नु भएका चार जना साहसी शान्ति निर्माणकर्ताप्रति हामी हार्दिक सम्मान र आभार व्यक्त गर्दछौं। तपाईंहरूको आवाजले यी पृष्ठहरूलाई जीवन्त बनाएको छ र नेपालमा शान्ति निर्माणको यथार्थताबारे अमूल्य दृष्टिकोण प्रदान गरेको छ।

अन्त्यमा, नेपाल तथा विश्वभरिका शान्ति अभ्यासकर्ता, अनुसन्धानकर्ता, र अभियन्ताहरूको व्यापक समुदायप्रति हामी सम्मानपूर्वक आभार व्यक्त गर्दछौं, जसको निरन्तर समर्पणले यस कार्यलाई प्रेरणा दिइरहेको छ।

# विषयसूची

**श्रेय तथा कृतज्ञता** ---------------------------------------- क

**विषयसूची** ---------------------------------------- ख

**संस्थाको परिचय** ---------------------------------------- घ

**परियोजनाको परिचय** ---------------------------------------- ङ

**मार्गदर्शिकाको उद्देश्य र लक्ष्य** ---------------------------------------- च

**खण्ड १** ---------------------------------------- १-२

शान्ति र शान्ति निर्माणको बुझाइ ---------------------------------------- १

१.१ शान्ति के हो? ---------------------------------------- १

१.२ नकारात्मक शान्ति र सकारात्मक शान्ति ---------------------------------------- २

१.३ शान्ति निर्माण के हो? ---------------------------------------- २

**खण्ड २** ---------------------------------------- ३-५

शान्ति निर्माणका मुख्य तत्व र सिद्धान्तहरू ---------------------------------------- ३

२.१ शान्ति निर्माणका मुख्य तत्वहरू ---------------------------------------- ३

२.२ शान्ति निर्माणका मुख्य सिद्धान्तहरू ---------------------------------------- ४

**खण्ड ३** ---------------------------------------- ७-८

नेपालको सन्दर्भमा शान्ति निर्माण ---------------------------------------- ७

३.१ ऐतिहासिक र सामाजिक सन्दर्भ ---------------------------------------- ७

३.२ स्थानीय शान्ति निर्माणकर्ताहरूको महत्व ---------------------------------------- ८

**खण्ड ४** ---------------------------------------- ९

अनुसन्धानमा सहभागी व्यक्तिहरूको प्रोफाइल र परिचय ---------------------------------------- ९

**खण्ड ५** ---------------------------------------- ११-१४

अनुसन्धान निष्कर्षःनेपालका स्थानीय शान्ति निर्माणकर्ताहरूका जीवन्त अनुभवहरू र रणनीतिहरूको खोज ---------------------------------------- ११

५.१ शान्ति निर्माणतर्फका मार्गहरूः जीवन्त अनुभवमा आधारित प्रेरणाहरू ------- ११

५.२ दैनिक शान्ति अभ्यासका लागि सम्बन्धात्मक र रचनात्मक रणनीतिहरू ------- १२

५.३ डिजिटल र सामाजिक सञ्जालमा शान्ति निर्माण -------------------- १२

५.४ शान्ति निर्माणमा मानसिक स्वास्थ्य र सहनशीलता -------------------- १३

५.५ चुनौतीहरूको सामनाः वित्तीय स्रोत, मान्यता, र राजनीतिक जोखिम ---------- १३
५.६ विविध सन्दर्भमा काम गर्नुः बहु–स्तरीय संलग्नता र प्रणालीगत सोच ---------- १४
५.७ व्यावहारिक दृष्टिकोणका लागि मुख्य निष्कर्ष ---------- १४
**खण्ड ६** ---------- १५-१९
शान्ति निर्माणकर्ताको घोषणापत्र ---------- १५
१. शान्ति निर्माणमा स्थानीय नेतृत्वलाई अगाडि ल्याऔं ---------- १५
२. स्थानीय शान्तिनिर्माण प्रयासहरूमा अझ बढी लगानी गरौँ ---------- १६
३. स्थानीय शान्तिनिर्माताहरूलाई समर्थन र सशक्त बनाऔँ ---------- १७
४.स्थानीय मानिसहरूलाई केन्द्रित गरि शान्ति निर्माण गरौँ ---------- १८
५. स्थानीय शान्ति निर्माणकर्ताहरूबाट सिकौँ ---------- १९
**खण्ड ७** ---------- २१-२३
अभ्यास र गतिविधिहरू ---------- २१
**सन्दर्भ सूची (References)** ---------- २४
**परिशिष्ट (Annex)** ---------- २५

# संस्थाको परिचय

**'परिवर्तनका लागि हामी'** सन् २०१२ मा स्थापना भएको एक गतिशील, १६–२४ वर्षका युवा–नेतृत्वमा सञ्चालित मञ्च हो, जसको मूल विश्वास युवाहरूमा भविष्यलाई नयाँ दिशा दिने असीम सम्भावना निहित छ भन्ने मान्यतामा आधारित छ। 'परिवर्तनका लागि हामी' केवल एउटा संस्था मात्र होइन; यो परिवर्तनको उत्प्रेरक शक्ति हो—एक यस्तो सुरक्षित र सृजनात्मक स्थान जहाँ युवाहरूले विचार सिर्जना मात्र होइन, ती विचारलाई व्यवहारमा उतारेर प्रयोग गर्न पनि सक्छन्।

युवा–नेतृत्वमा सञ्चालन हुने पहलका रूपमा 'परिवर्तनका लागि हामी'ले युवाहरूको कच्चा तर शक्तिशाली क्षमतामा विश्वास गर्दछ; नयाँ सोचले भरिएका, प्रयोग गर्न नडराउने, र अवसर खोज्दै अघि बढ्ने युवाहरूमा। यहाँ असफलतालाई कमजोरी होइन, सिकाइको आधार र सफलतासम्म पुग्ने सिँढीका रूपमा लिइन्छ। हामी अवसर दिने कुरामा केवल सैद्धान्तिक विश्वास मात्र राख्दैनौं, त्यसलाई व्यवहारमै उतार्न प्रतिबद्ध छौं।

'परिवर्तनका लागि हामी' को धड्कन भनेकै नेपालका ऊर्जाशील युवाहरू हुन्। हामी उनीहरूसम्म मात्र पुग्ने होइन, उनीहरूलाई दिगो र रूपान्तरणकारी भविष्यका लागि सशक्त बनाउन प्रतिबद्ध छौं।

### दृष्टिकोण (Vision):

नेपालका प्रत्येक युवाले दिगो भविष्यका लागि समान अवसर पाउने समाजको विकास गर्नु।

### ध्येय (Mission):

नेपालका युवाहरूलाई सचेत बनाउने, संलग्न गराउने, र सशक्त बनाउने।

# परियोजनाको परिचय

**Peace Starts Here** नेपालस्थित युवा–नेतृत्वमा सञ्चालन हुने संस्था **‘परिवर्तनका लागि हामी’** को अनुसन्धान तथा ज्ञान–साझेदारी पहल हो, जसलाई स्थानीय शान्ति निर्माणलाई समर्थन गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था **Peace Direct** ले आर्थिक सहयोग प्रदान गरेको छ।

यस परियोजनाको उद्देश्य नेपालका आधारभूत तहका समुदायहरूले भोगिरहेका यथार्थ चुनौतीहरू र जटिल शान्ति निर्माणसम्बन्धी स्रोतहरूबीचको दूरी घटाउनु हो। यसले शान्ति शिक्षालाई अझ सिर्जनात्मक, स्थानीय सन्दर्भअनुकूल, र युवामैत्री बनाउने कुरामा विशेष ध्यान केन्द्रित गर्दछ।

यो परियोजना तीन चरणमा संरचित छः

- नेपालका स्थानीय **शान्ति निर्माणकर्ताहरूका जीवन्त अनुभव र रणनीतिहरूमा आधारित गहिरो अनुसन्धान** सञ्चालन गर्ने
- ती अनुभवहरूलाई चार भागको सजिलै पहुँचयोग्य **भिडियो पोडकास्ट** शृङ्खलामार्फत दस्तावेजीकरण गर्ने
- युवा तथा समुदाय समूहहरूका लागि लक्षित, सिर्जनात्मक र स्थानीयकरण गरिएको **शान्ति शिक्षा मार्गदर्शिका** विकास गर्ने

गुणात्मक अनुसन्धान पद्धति प्रयोग गर्दै, यस अध्ययनले मुख्यतः काठमाडौं उपत्यकाका स्थानीय शान्ति निर्माणकर्ताहरूलाई गहिरो अन्तर्वार्तामार्फत समेटेको छ। ती संवादहरूले उनीहरूको शान्ति निर्माण यात्राको सुरुवात, प्रेरणा, चुनौतीहरू, अपनाइएका रणनीतिहरू, र समग्र शान्ति निर्माण परिदृश्यप्रतिको दृष्टिकोणलाई उजागर गरेका छन्।

भिडियो पोडकास्ट शृङ्खलाले कथाहरू र आवाजहरूलाई प्रामाणिक रूपमा प्रस्तुत गर्दै युवा, अभ्यासकर्ता, र समुदायहरूले व्यापक रूपमा पहुँच गर्न सक्ने बनाउँछ। यस मार्गदर्शिकाले ती अन्तर्दृष्टिहरूलाई आधार मानेर सरल, अन्तरक्रियात्मक, र व्यवहारिक ढाँचामा प्रस्तुत गरेको छ।

**Peace Starts Here** मार्फत, **‘परिवर्तनका लागि हामी’** ले सिर्जनात्मक र स्थानीय सन्दर्भअनुकूल रणनीतिहरू प्रयोग गरी द्वन्द्व समाधान र सामुदायिक सद्भाव प्रवर्द्धन गर्न सक्षम, जानकार र सक्रिय युवा शान्ति निर्माणकर्ताहरूको सशक्त सञ्जाल निर्माण गर्ने परिकल्पना गरेको छ।

# मार्गदर्शिकाको उद्देश्य र लक्ष्य

यो मार्गदर्शिका नेपालका युवाहरू र समुदाय समूहका लागि शान्ति निर्माणका अवधारणाहरूलाई सरल, व्यवहारिक, र सान्दर्भिक बनाउने उद्देश्यले तयार गरिएको हो। यसलाई एक व्यावहारिक उपकरणका रूपमा तयार पारिएको हो, जसलाई युवा संगठन, विद्यालय, समुदाय समूह, र स्थानीय शान्ति निर्माणकर्ताहरुले  शान्ति निर्माण पहल सुरु गर्न र मजबुत बनाउन प्रयोग गर्न सक्छन्।

**यो मार्गदर्शिकाको उद्देश्यहरू यस प्रकार छन्ः**

- कला, तस्वीरहरू, र वास्तविक जीवनका कथाहरू प्रयोग गरी जटिल शान्ति निर्माण अवधारणाहरूलाई सरल बनाउने
- शान्ति शिक्षालाई स्थानीय सन्दर्भ र दैनिकी अनुभवहरूसँग जोडेर बुझ्न योग्य बनाउने
- कम स्रोत साधनमा प्रयोग गर्न सकिने सजिला उपकरण र गतिविधिहरू उपलब्ध गराउने

**मार्गदर्शिकाका लक्ष्यहरू**

यस मार्गदर्शिकाका मुख्य लक्ष्यहरू यसप्रकार छन्ः

- युवाहरू र समुदायका सदस्यहरूलाई द्वन्द्व समाधान र शान्ति निर्माणका लागि व्यावहारिक उपकरण र रणनीतिहरू उपलब्ध गराउनु
- स्थानीय शान्ति निर्माणका दृष्टिकोण र जीवन्त अनुभवहरूबारे बुझाइ र सम्मान बढाउनु
- युवाहरूको नेतृत्व र स्थानीय स्तरमा शान्तिको संस्कृतिको विकासमा सक्रिय सहभागिता प्रोत्साहित गर्नु
- समुदायभित्र विविध समूहहरूबीच संवाद र सहकार्य प्रवर्द्धन गर्नु
- डिजिटल र भौतिक दुवै रूपमै सजिलै साझा र अनुकूलन गर्न सकिने स्रोतका रूपमा काम गर्नु

यो मार्गदर्शिका विश्वव्यापी प्रतिबद्धतासँग मेल खान्छ, जस्तै दिगो विकासका लक्ष्य १६ः शान्ति, न्याय र सशक्त संस्थाहरू—जहाँ युवा–नेतृत्वमा पहलमार्फत समावेशी र शान्तिपूर्ण समुदायहरू प्रवर्द्धन गरिन्छ, र दिगो विकासका लक्ष्य ४ः गुणस्तरीय शिक्षा।

## यो मार्गदर्शिका कसको लागि हो त ?

यो मार्गदर्शिका निम्न समूहका लागि तयार गरिएको होः

- युवा नेतृत्वकर्ता र युवा–नेतृत्वमा सञ्चालित संगठनका सदस्यहरू
- शान्ति र नागरिक शिक्षा सम्बन्धी रुचि राख्ने विद्यार्थी र शिक्षकहरू
- समुदायसँग काम गर्ने प्रशिक्षक, सामाजिक संलग्नकर्मी, र स्थानीय शान्ति निर्माणकर्ता
- स्थानीय सरकारका प्रतिनिधि र समुदाय–आधारित संगठनहरू
- दैनिक जीवनमा शान्ति निर्माण बुझ्न र अभ्यास गर्न इच्छुक जोकोही

यसको लागि शान्ति निर्माण सम्बन्धी पूर्वप्राविधिक ज्ञान आवश्यक छैन। सामग्री सरल र पहुँचयोग्य ढंगले तयार गरिएको छ, र प्रशिक्षकहरूले यसलाई विभिन्न शैक्षिक स्तर र भाषागत आवश्यकताअनुसार अनुकूलित गर्न सक्नेछन्।

## यस मार्गदर्शिकालाई कसरी प्रयोग गर्ने त ?

यो मार्गदर्शिका लचिलो र व्यवहारिक बनाउन तयार गरिएको हो। प्रयोगकर्ताहरूलाई सामग्री आफ्नै सन्दर्भअनुसार अनुकूलित गर्न प्रोत्साहित गरिएको छ।

- **आफ्नो गति अनुसार अन्वेषण गर्नुहोस्**

मार्गदर्शिका स्पष्ट खण्डहरूमा विभाजित छ जसले मुख्य शान्ति निर्माण अवधारणाहरू, स्थानीय कथाहरू, र व्यावहारिक उपकरणहरू समेट्छ। तपाईं यसलाई सुरुदेखि अन्त्यसम्म पढ्न सक्नुहुन्छ वा आफ्नो काम वा समुदायसँग सम्बन्धित खण्डमा सिधै जान सक्नुहुन्छ।

- **कथाहरू र कलासँग संलग्न हुनुहोस्**

वास्तविक जीवनका कथाहरू र तस्वीरहरू नजिकबाट अध्ययन गर्नुहोस्। यसलाई छलफल र प्रतिबिम्बनका प्रवेश बिन्दुका रूपमा प्रयोग गर्नुहोस्। प्रश्नहरू सोध्न सकिन्छः

  - यस कथाले हाम्रो समुदायमा के सम्झाउँछ?
  - यस चित्रले हाम्रो लागि शान्तिलाई कसरी प्रतिनिधित्व गर्छ?
  - उपकरण र गतिविधिहरू लागू गर्नुहोस्

प्रत्येक खण्डमा व्यावहारिक उपकरण, अभ्यास, वा गतिविधिहरू समावेश छन्। यसलाई आफ्नो युवा क्लब, कक्षा, वा समुदायको बैठकमा प्रयोग गर्नुहोस्। समय, भाषा, र उदाहरणहरू आवश्यक अनुसार अनुकूलित गर्न सकिन्छ।

- **चर्चाको सुरुवातका लागि प्रयोग गर्नुहोस्**

मार्गदर्शिकालाई तलका अवसरहरूमा प्रयोग गर्न सकिन्छः

  - कार्यशाला र तालिम सत्रहरू
  - सहकर्मी–अध्ययन समूह
  - स्कूल क्लब र पाठ समूह
  - सामुदायिक संवाद

- **साझा गर्नुहोस् र अनुकूलित गर्नुहोस्**

साँस्कृतिक, भाषागत, र सामाजिक सन्दर्भअनुसार गतिविधिहरू अनुवाद, सरल, वा विस्तार गर्न स्वतन्त्र हुनुहोस्। सम्भव भए मूल स्रोतको श्रेय दिनुहोस् र नैतिक प्रयोगको सम्मान गर्नुहोस्।

- **प्रतिबिम्बन गर्नुहोस् र योगदान दिनुहोस्**

सहभागीहरूलाई आफ्ना अनुभवमा प्रतिबिम्बन गर्न, कथाहरू दस्तावेजीकरण गर्न, र प्रतिक्रिया दिन प्रोत्साहित गर्नुहोस्। यी प्रतिबिम्बनहरूले भविष्यका संस्करण र नयाँ शान्ति शिक्षा उपकरणहरूको विकासमा सहयोग पुर्‍याउन सक्छ।


शान्ति
यहाँबाट
सुरु हुन्छ



# शान्ति र शान्ति निर्माणको बुझाइ

## १.१ शान्ति के हो?

शान्ति भन्नाले केवल हिंसाको अभाव मात्र जनाउँदैन। शान्ति अध्ययनका विद्वान **जोहन गाल्टुङ (Johan Galtung)** ले आफ्नो चर्चित कृति **"हिंसा, शान्ति र शान्ति अनुसन्धान" (१९६९)** मा शान्तिलाई दुई प्रकारमा व्याख्या गरेका छन्।

- **नकारात्मक शान्तिः** प्रत्यक्ष हिंसा, युद्ध, वा शारीरिक हानिको अभाव
- **सकारात्मक शान्तिः** न्याय, समानता, सद्भाव, र न्यायपूर्ण सम्बन्धहरूको उपस्थिति

**शान्ति विभिन्न तहमा अनुभव गर्न सकिन्छ, जसमा आन्तरिक, अन्तरव्यक्तिगत, सामाजिक तथा राजनीतिक आयामहरू समावेश हुन्छन् (Galtung, 1969)**

- **आन्तरिक शान्ति**

मानसिक वा आध्यात्मिक अवस्था, जसमा चिन्ता, भावनात्मक अस्थिरता, वा दबाबपूर्ण विचारहरूबाट मुक्ति हुन्छ। प्रायः यसलाई मानसिक शान्ति वा शान्तचित्तताको रूपमा वर्णन गरिन्छ।

- **व्यक्तिगत/अन्तरव्यक्तिगत शान्ति**

सम्बन्धहरूमा सद्भाव, जहाँ आपसी सम्मान, सहानुभूति, सक्रिय सुनाइ, र सहयोगको विशेषता हुन्छ।

- **सामुदायिक वा सामाजिक शान्ति**

समुदायभित्र शान्ति, जहाँ मानिसहरूले सुरक्षित महसुस गर्छन्, समावेशी हुन्छन्, र आफ्नो जीवनसँग सम्बन्धित निर्णयहरूमा सहभागी हुन सक्षम हुन्छन्।

- **राजनीतिक वा संरचनात्मक शान्ति**

समाजभित्र सार्वजनिक व्यवस्था, सुरक्षा, र न्यायको अवस्था, जसलाई न्यायपूर्ण कानुन, जवाफदेही संस्था, र समावेशी निर्णय–प्रक्रियाहरू मार्फत कायम राखिन्छ।

## १.२ नकारात्मक शान्ति र सकारात्मक शान्ति

शान्ति विज्ञ **गाल्टुङ (Galtung, 1969) ले** नकारात्मक र सकारात्मक शान्ति बीचको भिन्नतालाई प्रस्तुत गरेका छन्।

- **नकारात्मक शान्तिः** प्रत्यक्ष हिंसा वा युद्धको अभाव हो। यस अवस्थामा पनि असमानता, भेदभाव, वा डर बाँकी रहँदा द्वन्द्व सतहभन्दा तल अझै विद्यमान रहन सक्छ।
- **सकारात्मक शान्तिः** न्याय, समानता, मानवअधिकार, समावेशी संस्था, र दिगो विकासलाई जोड दिने शान्ति हो।

**प्रतिभागीहरूलाई सोध्न सकिन्छः**

- हाम्रो समुदायमा हामीले कहिले नकारात्मक शान्तिको अनुभव गरेका छौं?
- यहाँ सकारात्मक शान्ति कस्तो देखिन्थ्यो होला?

## १.३ शान्ति निर्माण के हो?

शान्ति निर्माण द्वन्द्वका मूल कारणहरूलाई अहिंसात्मक उपायमार्फत समाधान गर्ने दीर्घकालीन तथा रणनीतिक प्रक्रिया हो (Lederach, 1997)

- सम्बन्ध निर्माण र मर्मत गर्नु
- मेलमिलाप र उपचार प्रवद्र्धन गर्नु
- संस्था र शासन प्रणाली बलियो बनाउनु
- हानिकारक संरचना र प्रणालीहरू रूपान्तरण गर्नु
- दीर्घकालीन शान्ति र सामाजिक न्यायका लागि अवस्था सिर्जना गर्नु

शान्ति निर्माण स्थानीय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन गर्न सकिन्छ, र युवाहरूले यी सबै स्तरमा महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

# खण्ड २

## शान्ति निर्माणका मुख्य तत्व र सिद्धान्तहरू

### २.१ शान्ति निर्माणका मुख्य तत्वहरू

शान्ति निर्माण बहुआयामिक प्रक्रिया हो। यसका केही महत्वपूर्ण तत्वहरू यसप्रकार छन् :

- **मूल कारणहरूको समाधानः**

असमानता, बहिष्कार, भेदभाव, र ऐतिहासिक अन्याय जस्ता द्वन्द्वका आधारभूत कारणहरूलाई बुझ्न र समाधान गर्न। (Lederach, 1997; Galtung, 1969)

- **मेलमिलाप र सम्बन्ध मर्मतः**

व्यक्तिहरू र समूहबीच संवाद, विश्वास, र क्षमालाई बढावा गर्नु। (Lederach, 1997)

- **संस्था र शासन निर्माणः**

कानुनको शासन, मानवअधिकार, जवाफदेही संस्था, र समावेशी शासन प्रणाली बलियो बनाउनु। (United Nations, 2012; OECD, 2008)

- **सुरक्षा र निशस्त्रीकरणः**

पूर्वसैनिकहरूको निशस्त्रीकरण, पुनःसमायोजन, र पुनःसमावेशीकरण (DDR) को समर्थन गर्नु र सुरक्षित वातावरण सिर्जना गर्नु। (United Nations, 2012)

- **सामाजिक र आर्थिक विकासः**

जीविकोपार्जनका अवसर, शिक्षा, र आधारभूत सेवाहरू प्रवर्द्धन गरेर हिंसात्मक अवस्था घटाउनु। (UNDP, 2015)

- **स्थानीय स्वामित्व र सहभागिताः**

विशेष गरी सीमान्तकृत समूहहरूको नेतृत्वमा शान्ति प्रयासलाई अगाडि बढाउनु। (OECD, 2008; UNDP, 2015)

- **द्वन्द्व रूपान्तरणः**

द्वन्द्वलाई टिकाइराख्ने हानिकारक ढाँचा, नियम, र प्रणालीहरूलाई न्यायपूर्ण र शान्तिपूर्ण विकल्पमा रूपान्तरण गर्नु। (Galtung, 1969; Lederach, 1997)

- **विघटनकारी तत्वहरूको व्यवस्थापनः**

शान्ति प्रयासलाई कमजोर बनाउने व्यक्तिहरू वा समूहहरूलाई पहिचान र व्यवस्थापन गर्नु। (United Nations, 2012)

- **निरन्तर प्रयासः**

शान्ति पहलहरूको समयसापेक्ष निगरानी, सिकाइ, र अनुकूलन गर्दै निरन्तर अघि बढाउनु। (UNDP, 2015)

## २.२ शान्ति निर्माणका मुख्य सिद्धान्तहरू

यी सिद्धान्तहरूले युवा र समुदाय समूहहरूलाई शान्ति पहलहरू डिजाइन गर्न मार्गदर्शन गर्न सक्छन् :

- **बहुआयामिक दृष्टिकोण (Multidimensionality):**

द्वन्द्व जटिल हुन्छ र धेरै कारकसँग जोडिएको हुन्छ। प्रभावकारी शान्ति निर्माणमा व्यक्तिहरू, समुदाय, संस्था, र संरचनाहरूलाई ध्यानमा राखिन्छ। (Galtung, 1969; Lederach, 1997)

- **अन्तरनिर्भरता (Interdependence):**

कुनै पनि व्यक्ति वा संस्था एक्लै शान्ति निर्माण गर्न सक्दैन। प्रयासहरू विभिन्न क्षेत्र र तहसँग जडित हुनु आवश्यक छ। (UNDP, 2015)

- **दिगोपन (Sustainability):**

शान्ति निर्माण दीर्घकालीन र प्रायः पुस्तान्तरणीय प्रक्रिया हो। छोटो अवधिका समाधानभन्दा स्थानीय क्षमता र स्रोतहरू बलियो बनाउनेमा ध्यान दिनु आवश्यक छ। (OECD, 2008; UNDP, 2015)

- **संवाद र समावेशिता (Dialogue and Inclusion):**

शान्तिको लागि फरक दृष्टिकोण भएका मानिसहरूलाई बोल्ने, सुन्ने, र सुन्ने अवसर दिने खुला र सुरक्षित स्थान आवश्यक छ। (Lederach, 1997; United Nations, 2012)

- **सामाजिक पूर्वाधार (Social Infrastructure for Peace):**

समुदायका स्थान, नेटवर्क, र संस्था शान्तिपूर्ण सम्बन्ध कायम राख्न र संकट व्यवस्थापन गर्न महत्वपूर्ण हुन्छन्। (UNDP, 2015)

- **शक्ति र शक्ति–वितरण (Power and Power–Sharing):**

शक्ति सबै सम्बन्धमा हुन्छ। शान्ति निर्माणले शक्ति कसरी प्रयोग हुन्छ, कसलाई पहुँच छ, र यसलाई कसरी न्यायपूर्ण रूपमा बाँड्न सकिन्छ भन्ने कुरा विचार गर्छ। (OECD, 2008; Lederach, 1997)

- **सुशासन (Good Governance):**

जहाँ निर्णय प्रक्रिया पारदर्शी, सहभागी, जवाफदेही हुन्छ र सीमान्तकृत समूहहरू समावेश हुन्छन्, त्यहाँ शान्ति सम्भावना बढी हुन्छ। (United Nations, 2012; OECD, 2008)






लक्ष्मी किराना स्टोर

# नेपालको सन्दर्भमा शान्ति निर्माण

## ३.१ ऐतिहासिक र सामाजिक सन्दर्भ

नेपालमा शान्ति निर्माण सन् १९९६–२००६ को माओवादी विद्रोहबाट उत्पन्न भयो, जसलाई गरिबी, बेरोजगारी, कमजोर सार्वजनिक सेवा र राजतन्त्रका असफलताले उक्साएको थियो। यस द्वन्द्वका कारण १३,००० भन्दा बढी मानिसको मृत्यु भयो र ठूलो मात्रामा जनविस्थापन भयो। सन् २००६ को Comprehensive Peace Accord व्यापक शान्ति सम्झौताले (Annex 1) द्वन्द्वको अन्त्य गऱ्यो र निशस्त्रीकरण, लोकतन्त्र तथा न्यायसम्बन्धी संयन्त्रहरूप्रति प्रतिबद्धता व्यक्त गऱ्यो। सामाजिक रूपमा, शान्ति निर्माणले बहुजातीय समाजमा समुदायस्तरीय प्रयास र समावेशीताको माध्यमबाट जातीय, जात–वर्गीय तथा लैङ्गिक बहिष्करणका समस्याहरूलाई सम्बोधन गर्दछ। (Raj, n.d.)

माओवादीहरूले सन् १९९६ मा प्रहरी र सरकारी अधिकारीहरू विरुद्ध गुरिल्ला युद्ध सुरु गरे र ग्रामीण क्षेत्रमा आफ्नो नियन्त्रण स्थापित गरे। सन् २००१ को राजदरबार हत्याकाण्ड र सन् २००५ मा राजाले सत्ता कब्जा गरेपछि द्वन्द्व अझ चर्कियो। सन् २००६ को जनआन्दोलनले राजनीतिक दलहरू र माओवादी विद्रोहीहरूलाई एकताबद्ध गऱ्यो, जसका कारण राजालाई सत्ता त्याग्न बाध्य पारियो र सेना समायोजन तथा निर्वाचनका लागि व्यापक शान्ति सम्झौता (सीपीए) मा हस्ताक्षर गरियो। सन् २००८ पछि सत्ता साझेदारीले केही हदसम्म स्थिरता ल्याए पनि लडाकुहरूको पुनःएकीकरण प्रक्रिया ढिलो भयो। (Facts and Details, n.d.; Miklian, 2009)

ग्रामीण समुदायहरू द्वन्द्वको दोहोरो मारमा परे, जहाँ माओवादी अपहरण र चौकसी समूह (vigilante) हिंसा दुवै भए। हाल शान्ति निर्माणले दलित, जनजाति, मधेसी र महिलाका लागि मध्यस्थता र समावेशी पहलहरूलाई प्रवर्द्धन गर्दै आएको छ। संघीय संरचनाको सन्दर्भमा दातृ निकाय र नागरिक समाजले सामाजिक एकता सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलिरहेका छन्। युवा तथा स्थानीय पहलहरूले अझै बाँकी रहेका विभाजन र असमानताहरूलाई सम्बोधन गरिरहेका छन्। (Bhattarai, n.d.; Raj, n.d.)

नेपालका शान्ति निर्माण प्रयासहरू बहुआयामिक चुनौतीहरूसँग जुधिरहेका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोगजस्ता संक्रमणकालीन न्याय संयन्त्रहरू अवरुद्ध अवस्थामा रहँदा युद्ध अपराधमा कारबाही गर्न असफल भएका छन् र पीडितहरूको विश्वास पुनःस्थापित गर्न सकेका छैनन्। यसमा थप रूपमा व्यापक भ्रष्टाचारले पुनर्निर्माणका लागि छुट्याइएका स्रोतहरू दुरुपयोग भइरहेको छ। (Bhattarai, n.d.; Raj, n.d.)

गहिरो आर्थिक असमानताहरू अझै कायम छन्, ग्रामीण गरिबी, भूमिहीनता र रोजगारीको अभावले संघीयताले समान विकासको दिएको आशा पूरा हुन नसक्दा प्रारम्भिक विद्रोहका असन्तुष्टिहरू पुनः चर्किन थालेका छन्। मधेसी र जनजाति समुदायहरूले न्यायोचित सत्ता साझेदारी र स्रोतमा पहुँचको माग गर्दै आन्दोलन चर्काउँदा जातीय तनाव बढ्दै गएको छ। यसैबीच कमजोर गठबन्धन सरकारहरू र युवाहरूको असन्तोषबाट उत्पन्न राजनीतिक अस्थिरताले लोकतान्त्रिक सुदृढीकरणलाई चुनौती दिइरहेको छ। (Thapa, 2025)

## ३.२ स्थानीय शान्ति निर्माणकर्ताहरूको महत्व

स्थानीय शान्ति निर्माणकर्ताहरू नेपालका विविध समुदायमा दैनिक तनाव, भ्रम, र सूक्ष्म हिंसाका घटनाहरूको पहिलो प्रतिक्रियाकर्ता भएर अगाडि बढ्छन्। बाह्य व्यक्तिहरूभन्दा फरक, उनीहरू स्थानीय इतिहास, परिवारिक सम्बन्ध, जातीय संरचना, र दीर्घकालीन सम्बन्धहरूको गहिरो ज्ञान लिएर घटनास्थलमा पुग्छन्, जसले द्वन्द्व खुलेर फैलिनुअघि नै मूल कारण पहिचान गर्न मद्दत गर्छ।

स्थानीय शान्ति निर्माणकर्ताहरूले निरन्तर उपस्थिती र साझा संघर्षमार्फत आर्जित विश्वास र वैधताका कारण विभाजित समूहहरूलाई भेला गराउन सक्छन्, जसरी छिमेकीको पानी विवाद समाधान गर्न वा पर्व–उत्सवका क्रममा बढेको तनाव घटाउन। यस विश्वासयोग्यताले यथार्थपरक संवादको ढोका खोल्छ, जहाँ शंका वा अविश्वासले प्रगति रोक्न सक्थ्यो।

स्थानीय शान्ति निर्माणकर्ताहरू सिर्जनात्मक र सांस्कृतिक रूपमा जरा गाडेका उपकरणहरू प्रयोग गर्छन्, जस्तै चौतारी गफ, साँझको आगो वरिपरि कथावाचन, दसैं वा तिहारमा साझा भोजन, र मेलमिलापका लागि परम्परागत अनुष्ठानहरू। यसले शान्ति निर्माणलाई लगाएर गरिएको जस्तो होइन, परिचित र पहुँचयोग्य अनुभव बनाउँछ। यी कम लागतका विधिहरूले स्वाभाविक रूपमा सहानुभूति विकास गर्छन् र नेपालको मौखिक परम्परा र समुदाय मूल्यहरूसँग मेल खान्छ।

अन्ततः स्थानीय शान्ति निर्माणकर्ताहरू आधारभूत तहको अनुभवलाई व्यापक क्षेत्रहरूमा पुऱ्याउँछन्, जस्तै स्रोत वितरणमा नगरपालिका योजना सत्रमा प्रभाव पार्नु वा समुदायका कथाहरूलाई संघीयता र संक्रमणकालीन न्यायमा राष्ट्रिय संवादमा समावेश गर्नु। यसरी उनीहरूले पृथक अनुभवहरूलाई प्रणालीगत परिवर्तनमा परिणत गर्छन् र वडाबाट काठमाडौंसम्म युवाहरूको आवाजलाई सशक्त बनाउँछन्।

## अनुसन्धानमा सहभागी व्यक्तिहरूको प्रोफाइल र परिचय



**राम तिवारी**
संस्थापक तथा निर्देशक, नेपाल फोरम फर रिस्टोरेटिभ जस्टिस (Nepal Forum for Restorative Justice)



**भूमिका श्रेष्ठ**
ट्रान्सजेन्डर महिला एवं एलजीबीटीक्यूआई+ कार्यकर्ता, ब्लु डायमण्ड सोसाइटी (Blue Diamond Society)



**अजय यादव**
विकास उत्साही एवं सह–संस्थापक, युथाइव नेपाल (YOUTHive Nepal)



**प्रकाश भट्टराई**
समाजशास्त्री एवं निर्देशक, सामाजिक परिवर्तन केन्द्र (Centre for Social Change)


PEACE STARTS HERE
PEACE UNITES




CERTIFICATE OF PARTICIPATION

# अनुसन्धान निष्कर्षःनेपालका स्थानीय शान्ति निर्माणकर्ताहरूका जीवन्त अनुभवहरू र रणनीतिहरूको खोज

**“Peace Starts Here”** एक अनुसन्धान पहल हो, जसले **“नेपालका स्थानीय शान्ति निर्माताहरूको अनुभव र रणनीतिहरूको अन्वेषण”** भन्ने विषयमा अनुसन्धान गरेको छ। यस अध्ययनको भागका रूपमा, हामीले **नेपालका चार स्थानीय शान्ति निर्माताहरूसँग** अन्तर्वार्ता गरेका छौं, जसले शान्ति निर्माण क्षेत्रमा दशकौंको अनुभव र विशेषज्ञता हासिल गरेका छन्। अन्तर्वार्ताका लागि संरचित प्रश्नावलीलाई मुख्य अनुसन्धान उपकरणको रूपमा प्रयोग गरिएको छ र सहभागी छनोटका लागि प्रयोजित नमूना (Purposive Sampling ) विधि अपनाइएको छ। यहाँ प्रस्तुत निष्कर्षहरू यी चारै व्यक्तिसँग गरिएको अन्तर्वार्तामा आधारित छन्।

## ५.१ शान्ति निर्माणतर्फका मार्गहरूः जीवन्त अनुभवमा आधारित प्रेरणाहरू

नेपालमा स्थानीय शान्ति निर्माताहरू प्रायः औपचारिक करियर मार्गबाट यस क्षेत्रमा प्रवेश नगरेको पाइएको छ। बरु, उनीहरूको संलग्नता प्रायः द्वन्द्व, भेदभाव, बहिष्कार, वा सामाजिक अन्यायका सिधा अनुभवहरूले आकार लिन्छ। शान्ति निर्माण सामान्यतया व्यक्तिहरूले आफ्नै जीवन र समुदायमा देखेका र भोगेका घटनाहरूको प्रतिक्रिया स्वरूप उत्पन्न भएको देखिन्छ । प्रवेश गर्ने सामान्य मार्गहरूमा युवामुखी नेतृत्व पहलमा सहभागिता, पहिचान–आधारित सक्रियतामा संलग्नता, र संरचनात्मक हिंसासँगको सम्पर्क समावेश छन्।

स्थानीय शान्ति निर्मातामध्ये एकको अनुभवले लामो समयसम्मको सशस्त्र द्वन्द्व शान्ति कार्यमा संलग्नताको महत्वपूर्ण उत्प्रेरकको रूपमा रहेको भूमिका स्पष्ट पारेको छ। नेपालको जनआन्दोलनको समयमा हुर्किएका केही शान्ति निर्माताहरूले हत्या, विस्थापन, संस्थागत पतन, र हिंसाको सामान्यीकरण देखेका थिए। यस सन्दर्भमा, शान्ति निर्माणले युवाहरूलाई कट्टर विचार, विदेश जाने इच्छा वा नागरिक जीवनबाट टाढिनुको सट्टा एक विकल्पको रूपमा प्रस्तुत गरेको थियो। यसले देखाउँछ कि धेरैका लागि शान्ति निर्माण केवल छोटो समयको काम होइन, बरु जीवनभरको नैतिक जिम्मेवारी हो।

प्रयोगकर्ता र प्रशिक्षकहरूको लागि, यी निष्कर्षहरूले देखाउँछन् कि शान्ति कार्यका लागि उत्प्रेरणा तब सबैभन्दा बलियो हुन्छ जब यसले व्यक्तिगत अर्थसँग जोडिएको हुन्छ। शान्ति निर्माताहरूलाई आफ्ना अनुभवहरूमा विचार गर्न अवसर दिनुले दीर्घकालीन संलग्नतालाई मात्र समर्थन गर्दैन, स्थानीय रूपमा आधारित अभ्यासहरूको विकासलाई पनि मजबुत बनाउँछ।

## ५.२ दैनिक शान्ति अभ्यासका लागि सम्बन्धात्मक र रचनात्मक रणनीतिहरू

नेपालमा स्थानीय स्तरमा शान्ति निर्माण मुख्य रूपमा सम्बन्धमा आधारित हुन्छ। केवल औपचारिक प्रणालीमा निर्भर नहुँदै, शान्ति निर्माताहरू विश्वासमा आधारित र सांस्कृतिक रूपमा परिचित अभ्यासहरू प्रयोग गरेर तनाव घटाउने र समझदारी बढाउने काम गर्छन्। संवाद, कथावाचन, साझा भोजन, चाडपर्व, र अनौपचारिक भेटघाटहरू मुख्य उपकरणका रूपमा प्रयोग हुन्छन् किनभने यी दैनिक सामाजिक जीवनसँग मेल खान्छन् र सहभागिताका लागि बाधाहरू घटाउँछन्।

शान्ति निर्माताले संवादलाई द्वन्द्वका विभिन्न चरणहरूमा निरन्तर चल्ने प्रक्रिया भनेर बुझाउँदछ। संवाद केवल विवाद समाधानका लागि मात्र होइन, द्वन्द्व बढ्नबाट रोक्न र दीर्घकालीन सामाजिक परिवर्तनलाई समर्थन गर्न पनि प्रयोग हुन्छ। सुन्ने क्षमता आधारभूत शान्ति कौशलको रूपमा चिनिन्छ, किनभने धेरै द्वन्द्व तब गहिरो हुन्छन् जब समुदाय र संस्थाहरूले आफ्नो कुरा सुन्नेको अनुभव गर्दैनन्।

रचनात्मक दृष्टिकोणले सम्बन्धात्मक अभ्यासलाई अझ सुदृढ बनाउँछ। कथावाचन वृत्त, कला–आधारित संवाद, र डिजाइन–थिंकिंग अभ्यासले सहभागीहरूलाई भावनाहरू व्यक्त गर्न, अनुमानहरू प्रश्न गर्न, र वैकल्पिक कथाहरू अन्वेषण गर्न मद्दत गर्छ। यी विधिहरू विशेष गरी युवा संलग्नता र आघात–संवेदनशील कामका लागि प्रभावकारी हुन्छन्, किनभने यी कठिन वार्तालापमा सुरक्षित र पहुँचयोग्य प्रवेश बिन्दु सिर्जना गर्छन्।

## ५.३ डिजिटल र सामाजिक सञ्जालमा शान्ति निर्माण

शान्ति निर्माताहरू अब भौतिकसँगै डिजिटल रुपमा पनि सक्रिय छन्। सामाजिक सञ्जालका प्लेटफर्महरू विशेष गरी युवाहरूबीच जनचेतना फैलाउन, आवाज उठाउन, र अशान्ति बिना विरोध प्रकट गर्नका लागि प्रयोग गरिन्छ। तर, यी प्लेटफर्महरूले गलत जानकारी, घृणा फैलाउने कुरा, र विभाजनलाई पनि बढाउँछन्, जसले द्वन्द्वलाई छिटो तीव्र बनाउन सक्छ।

शान्ति निर्माताहरुले डिजिटल ठाउँलाई केवल सञ्चारको साधन नभई सक्रिय द्वन्द्वको क्षेत्रको रूपमा हेर्नु आवश्यक रहेको देखाउँछन्। शान्ति निर्माणमा अहिले मिडिया साक्षरता, आलोचनात्मक सोच, र डिजिटल संवादलाई समावेश गरिन्छ, जसले समुदायलाई अनलाइन कथाहरूलाई जिम्मेवार रूपमा बुझ्न र प्रयोग गर्न सहयोग पुऱ्याउँछ। शान्ति अभ्यासमा डिजिटल सचेतना समावेश गर्नु आवश्यक छ ताकि आधुनिक द्वन्द्वका स्वरूपलाई सामना गर्न सकियोस् र अनलाइन गलत जानकारीबाट उत्पन्न द्वन्द्व रोक्न सकियोस्।

## ५.४ शान्ति निर्माणमा मानसिक स्वास्थ्य र सहनशीलता

शान्ति निर्माणमा लामो समयसम्म भावनात्मक मेहनत लाग्छ, किनभने शान्ति निर्माताहरू नियमित रूपमा आफ्ना समुदायमा भएका आघात, दुःख, रिस, र निराशासँग संलग्न हुन्छन्। अनुसन्धानले देखाउँछ कि भावनात्मक भलाइ शान्ति अभ्यासको मुख्य हिस्सा हो, तर यसलाई प्रायः मान्यता दिइँदैन वा औपचारिक रूपमा समर्थन गरिँदैन।

शान्ति निर्माताहरू भावनात्मक तनाव व्यवस्थापन गर्न प्रायः साथीहरू, भरोसायोग्य मित्र, परिवारका सदस्य, र अनौपचारिक कुराकानीमा निर्भर रहन्छन्। साथै, शान्ति निर्माताहरूको अनुभवले लामो समयसम्मको शान्ति कार्यले पार्ने मानसिक प्रभावलाई देखाउँछ, विशेष गरी ती व्यक्तिहरूका लागि जसले व्यक्तिगत रूपमा हिंसा देखेका छन्। औपचारिक परामर्शको सट्टा, सहनशीलता प्रायः सामूहिक समर्थन, साझा चिन्तन, र स्पष्ट उद्देश्यको अनुभूति मार्फत विकसित हुन्छ।

शान्ति निर्माण पहलहरू दीर्घकालीन र स्थायी हुनका लागि भावनात्मक भलाइलाई सामान्य मान्नुपर्छ र सामूहिक जिम्मेवारीको रूपमा लिनुपर्छ। नियमित रूपमा विचार–विमर्श, अनुभव साटासाट, र साथीहरूको समर्थनका लागि स्थान सिर्जना गर्दा व्यक्तिगत शान्ति निर्माताहरू र समग्र शान्ति प्रणाली दुवै बलियो हुन्छन्।

## ५.५ चुनौतीहरूको सामनाः वित्तीय स्रोत, मान्यता, र राजनीतिक जोखिम

स्थानीय शान्ति निर्माताहरूले लगातार संरचनात्मक चुनौतीहरूको सामना गर्छन्। संवाद, मानसिकता परिवर्तन, र सामाजिक एकताको क्षेत्रमा केन्द्रित शान्ति कार्य प्रायः स्पष्ट पूर्वाधार वा विकास परियोजनाहरूको तुलनामा सीमित वित्तीय स्रोत पाउँछ। शान्ति निर्माताहरूलाई संस्थाहरूबाट निरन्तर मान्यता पनि प्राप्त हुँदैन र कहिलेकाहीँ केवल प्रतीकात्मक रूपमा मात्र समावेश गरिन्छ, जसले निर्णय प्रक्रियामा वास्तविक प्रभाव पार्दैन।

यसैगरी, शान्ति निर्माताहरुको अनुभवले एउटा व्यापक प्रणालीगत समस्या देखाउँछः नेपालको शान्ति प्रक्रिया सामान्यतया शान्ति सम्झौतापछि "समाप्त" भइसकेको मानिन्छ, जबकि राजनीतिक, सामाजिक, र पहिचान आधारित द्वन्द्वहरू अझै जारी छन्। यस धारणा कारण लगानी घटेको, संस्थाहरू सानो भएका, र अनुभवी अभ्यासकहरू हराएको देखिन्छ। शान्ति निर्माण प्रयासहरू प्रायः संकटका क्षणमा मात्र पुनः सक्रिय हुन्छन्, निरन्तर र रोकथाममुखी कामको रूपमा होइन।

प्रयोगकर्ताहरूका लागि, दृष्टिकोण, सम्बन्ध, र संवाद अभ्यासमा भएका परिवर्तनजस्ता अमूर्त परिणामहरू दस्तावेज गर्नुले शान्ति निर्माणको मूल्य देखाउन र अधिक लचिलो तथा दीर्घकालीन समर्थनको माग गर्न सहयोग पुऱ्याउँछ।

## ५.६ विविध सन्दर्भमा काम गर्नुः बहु–स्तरीय संलग्नता र प्रणालीगत सोच

नेपालका शान्ति निर्माताहरू प्रायः समुदाय, नगरपालिका, प्रदेश, राष्ट्रिय, र अन्तर्राष्ट्रिय स्तरमा काम गर्छन्। उनीहरू स्थानीय अनुभवलाई व्यापक नीति छलफलमा अनुवाद गर्ने र संस्थागत प्रक्रियालाई प्रभावित समुदायसँग नजिक ल्याउने पुलको रूपमा काम गर्छन्। यस्तो बहु–स्तरीय संलग्नता विकेन्द्रीकरण, युवा सक्रियता, संक्रमणकालीन न्याय प्रक्रिया, र सामाजिक परिवर्तनको सन्दर्भमा अत्यावश्यक छ।

शान्ति निर्माताहरुले शान्तिलाई बहु–स्तरीय प्रक्रिया रूपमा हेर्छन्, जसमा राजनीतिक, सामाजिक, कानुनी, सांस्कृतिक, आर्थिक, र वातावरणीय आयामहरू समावेश छन्। शान्ति निर्माताहरूले न्याय, उपचार, जिम्मेवारी, र जीविकोपार्जनका बीचको प्रतिस्पर्धात्मक मागहरू सन्तुलन गर्नुपर्छ, प्रायः राजनीतिक रूपमा संवेदनशील वातावरणमा। यसका लागि प्रणालीगत सोच, अनुकूलन क्षमता, र नैतिक निर्णय आवश्यक हुन्छ।

सुनाइ, संवाद, र विश्वास निर्माण सबै स्तरमा केन्द्रमा रहन्छ। स्थानीय वास्तविकतामा आधारित रहँदै संस्थाहरूसँग जिम्मेवार रूपमा संलग्न हुँदा, शान्ति निर्माताहरू द्वन्द्व बढ्नबाट रोक्ने र दीर्घकालीन सामाजिक परिवर्तनलाई समर्थन गर्ने काम गर्छन्।

## ५.७ व्यावहारिक दृष्टिकोणका लागि मुख्य निष्कर्ष

यी सबै निष्कर्षहरू एकसाथ हेर्दा नेपालमा शान्ति निर्माण केवल औपचारिक सम्झौतामा होइन, सम्बन्ध, नैतिक प्रतिबद्धता, र निरन्तर अनुकूलनमार्फत टिकिरहन्छ। साथै, शान्ति निर्माताहरुको समावेशले यस अनुसन्धानलाई अझ सुदृढ बनाउँछ, किनभने यसले ऐतिहासिक स्मृति, प्रणालीगत चुनौतीहरू, र शान्ति कार्यको दीर्घकालीन प्रकृतिलाई उजागर गर्छ। अभ्यासकर्ताहरूका लागि शान्ति एक पूरा भएको परिणाम होइन, बरु दैनिक अन्तरक्रियाबाट सुरु हुने र समुदायमा आधारित व्यक्तिहरूले अगाडि बढाइरहने निरन्तर प्रक्रिया हो।

# शान्ति निर्माणकर्ताको घोषणापत्र

स्थानीय शान्ति निर्माणकर्ताहरूका पाँच मागहरू

**Peace Starts Here** स्थानीय शान्ति निर्माणकर्ताहरूको लागि विश्वव्यापी आन्दोलन हो, जुन **१० जना स्थानीय शान्ति निर्माणकर्ताहरूले सह–निर्माण** गरेका हुन्। यसले शान्ति निर्माण क्षेत्रका दृष्टिकोण र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन खोज्छ। **Peace Direct** ले २०१८ देखि यस आन्दोलनलाई सहजीकरण र समर्थन गर्दै आएको छ, किनकि स्थानीय समुदायका मानिसहरू नै द्वन्द्व र समाधानका विशेषज्ञ हुन्। अन्तर्राष्ट्रिय समर्थनले स्थानीय प्रयासहरूलाई सुदृढ बनाउँछ र नागरिक क्षेत्रलाई संरक्षण गर्न सहयोग पुऱ्याउँछ। (Peace Starts Here, 2024)

**अन्य स्थानीय शान्ति निर्माणकर्ताहरूसँग परामर्श गरी, हामी अन्तर्राष्ट्रिय संस्थाहरू, ग्लोबल नर्थका सरकारहरू र गैर–सरकारी संस्थाहरूलाई पाँच मागहरू लागू गर्न आग्रह गर्दछौं।**

## १. शान्ति निर्माणमा स्थानीय नेतृत्वलाई अगाडि ल्याऔं

समुदायका सदस्यहरूमा परिवर्तन ल्याउने र त्यसलाई अगाडि बढाउने क्षमता स्थानीय परिवर्तनकारी पात्रहरूसँग नै हुन्छ। त्यसैले **स्थानीय शान्ति निर्माणकर्ताहरूले आफ्ना क्षेत्र र समुदायमा शान्ति प्रक्रियालाई नेतृत्व, आकार र प्रभाव पार्न सकून् भन्ने उद्देश्यले अझ समावेशी र उद्देश्यपूर्ण उपायहरू निर्माण गर्नु अनिवार्य छ।**

**किन?**

- स्थानीय शान्ति निर्माणकर्ताहरूलाई आफ्नो समुदायको सामाजिक र राजनीतिक सन्दर्भ, संस्कृति र गतिशीलताहरूको **गहिरो बुझाइ** हुन्छ।
- स्थानीय शान्ति निर्माणकर्ताहरूलाई आफ्नो समुदायमा बढी **विश्वास र वैधता** (Legitimacy) प्राप्त हुन्छ।

**कसरी?**

- **स्थानीय समुदाय, शान्ति निर्माणकर्ताहरू र नागरिक समाजका प्रतिनिधिहरूलाई पहिचान गरी समर्थन र वकालत गर्नुहोस्।** उनीहरूलाई शान्ति वार्ता, मध्यस्थता प्रयास, नीति निर्माण र शान्ति निर्माण कार्यक्रमहरूमा सहभागी हुन, संलग्न हुन र नेतृत्व गर्न सक्षम बनाउनुहोस्। यसका लागि वर्तमान अन्तर्राष्ट्रिय शान्ति निर्माण संरचनाहरूमा नीति र शासन सुधारहरू आवश्यक छन्।
- द्वन्द्व रोकथाम कार्यक्रमहरूमा समावेशी संवाद मञ्चहरू स्थापना गर्नु प्राथमिकता बनाउनुहोस्। यी मञ्चहरूले **स्थानीय शान्ति निर्माणकर्ताहरू, समुदायका नेता, सरकारी अधिकारी, धार्मिक नेता र अन्तर्राष्ट्रिय साझेदारहरूलाई एकै ठाउँमा ल्याएर द्वन्द्वसम्बन्धी मुद्दाहरूको सामूहिक रूपमा समाधान र शान्ति निर्माण रणनीतिहरू** तयार गर्न सहयोग पुर्‍याउनुपर्छ।
- शान्ति प्रक्रियाहरूमा लगानी गर्नुहोस् र त्यस्ता प्रक्रियामा सहभागी हुनुहोस् जहाँ एजेन्डा स्पष्ट रूपमा स्थानीय शान्ति निर्माणकर्ताहरू र नागरिक समाजद्वारा नेतृत्व तथा कार्यान्वयन हुन्छ। **वैकल्पिक संरचनाहरू सिर्जना गर्न रोक्नुहोस्।**

## २. स्थानीय शान्तिनिर्माण प्रयासहरूमा अझ बढी लगानी गरौँ

**बाधाहरू हटाउनुहोस् र स्रोतहरू आर्थिक र भौतिक स्थानीय शान्तिस्थापकहरूतर्फ सक्रिय रूपमा प्रवाह गराउनुहोस्, जसले द्वन्द्वसँग सबैभन्दा नजिकका समुदायहरूमा काम गरिरहेका छन्।**

**किन?**

- स्थानीय शान्तिस्थापना प्रयासहरूमा लगानी गर्दा समुदायमा बढी स्वामित्व र शान्ति निर्माण प्रक्रियामा सहभागिता बढ्छ।

**कसरी?**

- प्रशासनिक र भाषा सम्बन्धी अवरोध घटाएर लगानी प्रक्रियालाई सरल बनाउनुहोस्, र दीर्घकालीन लागि स्थानीय नागरिक समाजलाई लचिलो, अप्रतिबन्धित  वित्तीय सहायता प्रदान गर्नुहोस्।
- दिगो अनुदान प्रणालीलाई प्रोत्साहन र समर्थन गर्नुहोस्। यी पहलहरू आत्मनिर्भर हुनुपर्छ र स्थानीय तथा स्वदेशी समाधानमा आधारित हुनुपर्छ।
- स्थानीय शान्तिस्थापकहरूलाई वित्तीय सहायता दिनुहोस्। यसले स्रोत बाँडफाँडमा समानता सुनिश्चित गर्ने व्यवस्था गर्न मद्दत पुर्‍याउँछ, जसले स्थानीय शान्तिस्थापना पहलहरूलाई पर्याप्त, दबाबरहित समय र स्थान दिन सक्षम बनाउँछ।

## ३. स्थानीय शान्तिनिर्माताहरूलाई समर्थन र सशक्त बनाऔँ

**प्राविधिक सीप मात्र नभई मानसिक सुदृढता र मानसिक स्वास्थ्यलाई समेत समेट्ने व्यापक समर्थन प्रदान गर्नुहोस्।**

**किन?**

- स्थानीय शान्तिस्थापकहरूले आफ्नो समुदायको लागि आफूले नै आफ्नो मानसिक स्वास्थ्यलाई बेवास्ता गर्छन्, जसले प्रायः बर्नआउट (burnout), सहानुभूति थकान (compassion fatigue), र अन्य मानसिक चुनौतीहरू निम्त्याउन सक्छ जसले उनीहरूको प्रभावकारिता र भलाइमा बाधा पुऱ्याउन सक्छ।
- स्थानीय कार्यकर्ताहरूको क्षमतालाई निरन्तर र प्रणालीगत रूपमा कम आँकलन गर्दा शान्तिस्थापकहरूको आत्मसम्मान र मनोबलमा नकारात्मक प्रभाव पर्छ।

**कसरी?**

- अवस्थित र नयाँ पियर सपोर्ट नेटवर्क र अभ्यास समुदायहरूमा लगानी गर्नुहोस्। यसले स्थानीय शान्तिस्थापकहरूलाई जडान हुन, अनुभव र सिकाइ साझा गर्न, सल्लाह लिन र सबै चुनौतीहरू सामना गर्न परस्पर सहयोग प्रदान गर्न सक्षम बनाउँछ। यी नेटवर्क स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुन सक्छन् (ग्लोबल मेजरिटी नेटवर्कहरू समेत)।
- स्थानीय शान्तिस्थापकहरूको लागि सांस्कृतिक रूपमा संवेदनशील र सन्दर्भअनुसार उपयुक्त मानसिक स्वास्थ्य सेवाहरूको पहुँचमा लगानी र वित्तीय सहयोग गर्नुहोस्। यसमा परामर्श, मानसिक–सामाजिक समर्थन र ट्रमा उपचार पहलहरू समावेश हुनुपर्छ। भलाइ र मानसिक स्वास्थ्यका लागि बजेटलाई सबै शान्ति निर्माण कार्यक्रमहरूमा औपचारिक र सामान्य बजेट लाइनको रूपमा राखिनुपर्छ।
- स्थानीय शान्तिस्थापकहरूको (र उनीहरूको संगठनात्मक आवश्यकताअनुसार) कोष संकलन, बजेटिङ र अनुदान व्यवस्थापन सीपहरूलाई मजबुत बनाउन काम गर्नुहोस्।

## ४.स्थानीय मानिसहरूलाई केन्द्रित गरि शान्ति निर्माण गरौँ

**विश्वव्यापी शान्ति निर्माण प्रयासहरूमा अधिक मानवीय–केंद्रित, सहकार्यात्मक र समुदाय–नेतृत्व भएका दृष्टिकोणमा लगानी गर्नुहोस्, र स्थानीय शान्तिस्थापकहरूलाई विश्वव्यापी (ग्लोबल) कार्यकर्ताहरूको भूमिकालाई उपनिवेशवादी (colonist) बनाउन सक्रिय भूमिका खेल्न प्रोत्साहित गर्नुहोस्।**

**किन?**

- शान्ति निर्माणमा विश्वव्यापी कार्यकर्ताहरूको भूमिकालाई उपनिवेशवादी/उपनिवेश–प्रेरित बनाउने प्रक्रियालाई हटाउन (decolonising) भनेको ऐतिहासिक शक्ति असमानताहरूलाई पहिचान गर्नु र चुनौती दिनु हो, र शान्ति निर्माणका एजेन्डा र रणनीतिहरू बनाउँदा स्थानीय ज्ञान, स्वायत्तता र नेतृत्वलाई प्राथमिकता दिनु हो।

**कसरी?**

- बाह्य समाधानहरू प्रस्तुत गर्नु अघि स्थानीय स्तरमा जारी (आदिवासी/स्वदेशी) र स्थानीय समाधानहरूलाई प्राथमिकता दिनुहोस्। यसका लागि स्थानीय स्तरमा भइरहेका प्रयासहरू, सबै समुदायहरूको आवश्यकताहरू र क्षमताहरूको मूल्याङ्कन गर्नुपर्छ। यो प्रक्रिया स्थानीय शान्तिस्थापकहरूको विविधता र अन्तरसम्बन्धतालाई (Intersectionality) समेट्ने र सम्मान गर्ने तरिकाले गर्नुपर्छ।
- स्थानीय समुदायहरूसँग काम गर्ने परम्परागत र प्रायः नयाँ–उपनिवेशवादी (new-colonist) तरिकाहरूलाई पुनर्विचार गर्नुहोस्, जस्तै “सशक्तिकरण (empowerment)” र “क्षमता निर्माण (capacity-building))” दृष्टिकोण। स्थानीय क्षमताहरूलाई निर्माण गर्न आवश्यक छैन; तिनीहरूलाई पहिचान गरी प्रोत्साहन गर्न आवश्यक छ।
- सबै द्वन्द्व समाधान र समुदाय समन्वय प्रयासहरूमा परम्परागत संस्थाहरू, जस्तै बुढाहरूको परिषद् (elders’ councils), लाई समावेश गर्नुहोस्। अन्तर–पीढी संवाद (intergenerational dialogue)) र कथावाचन (storytelling) का प्लेटफर्महरूलाई प्रोत्साहन गर्नुहोस् जसले युवा शान्तिस्थापकहरूको योगदानलाई देखाउन मद्दत गर्छ।
- विवादको कारण, त्यसका उत्प्रेरक/ट्रिगरका आयामहरू, र समुदायका सदस्यहरूमा त्यसको प्रभावसम्बन्धी बहुआयामिक कारकहरू बुझ्न आफ्नो विश्लेषण, समय र संस्थागत ज्ञानमा लगानी गर्नुहोस्। यसलाई सबै सम्बन्धित रणनीति, एजेन्डा, नीति र कार्यक्रम डिजाइनमा समावेश गर्नुहोस्।

## ५. स्थानीय शान्ति निर्माणकर्ताहरूबाट सिकौँ

**स्थायी शान्ति स्थापना गर्न विश्वभर स्थानीय शान्तिस्थापकहरूले गरेको अमूल्य योगदानबाट सिक्नुहोस्, त्यसलाई प्रवर्धन गर्नुहोस् र समर्थन गर्नुहोस्।**

**किन?**

- सिकाइ र ज्ञान आदानप्रदानलाई सामान्य र औपचारिक बनाउँदा मात्र बाह्य कार्यकर्ताहरूले सन्दर्भलाई राम्रोसँग बुझ्ने होइन, परिवर्तनका अन्य सहभागीहरूका ज्ञानका खाली ठाउँहरू पनि भरिन्छ।

**कसरी?**

- स्थानीय शान्तिस्थापकहरूले एकअर्काबाट सिक्ने स्थानहरू/मञ्चहरू निर्माण गर्नुहोस्। ज्ञान साझेदारी प्रवर्धन गर्नुहोस् र सिकाइ साझेदारी (knowledge-sharing) लाई सजिलो बनाउनुहोस् जसले स्थानीय शान्तिस्थापकहरूलाई एकअर्काका अनुभवबाट सिक्न सुरक्षित र ग्रहणशील वातावरण प्रदान गर्छ। यो सिकाइ अन्तर्राष्ट्रिय समुदायसँग पनि साझा गर्नुहोस् र सकारात्मक तथा नकारात्मक साझेदारी अनुभवहरूमा छलफल गर्नुहोस्।
- निगरानी, मूल्याङ्कन र सिकाइ को सामान्य दृष्टिकोणलाई विविध र चुनौतीपूर्ण बनाउनुहोस्, र यस्ता दृष्टिकोण र उपकरणहरूलाई समर्थन गर्नुहोस् जसले जमिन स्तरका व्यक्तिहरूलाई मेल खान्छ। यसले परम्परागत रूपमा उपेक्षित आवाजहरूलाई आफूलाई व्यक्त गर्न अनुमति दिन्छ, उदाहरणका लागि कला, प्रार्थना, उपचार सत्र, अन्तर्वार्ता र समूह परामर्शमार्फत।
- अनुगमन र मूल्याङ्कनका यस्तो प्रणालीहरू स्थापना गर्नुहोस् जसले अनुदानदाताहरू, गैरसरकारी संस्थाहरू र स्थानीय साझेदारहरूका लागि उत्तरदायित्व सुनिश्चित गर्छ।


तपाईंको लागि शान्ति के हो?
Doing Art without Disturbance.
FREEDOM
I want to do Art.
LOVE

## अभ्यास र गतिविधिहरू

**सहभागीअनुसार समूह, समय र कठिनाई सजिलै समायोजन गर्न सकिन्छ।**

**गतिविधि १ः द्वन्द्व समाधानका लागि रोल–प्ले**

**उद्देश्यः** वास्तविक द्वन्द्व परिस्थितिमा सहानुभूति, सक्रिय सुनाइ, र अहिंसात्मक संवाद अभ्यास गर्नु।

**समयः** ३० – ४० मिनेट

**सामग्रीः** कागज, कलम, परिदृश्य (Scenario) कार्डहरू

**कार्यविधिः**

१. सहभागीहरूलाई ३–४ जनाको समूहमा विभाजन गर्नुहोस्।
२. प्रत्येक समूहलाई परिदृश्य दिनुहोस् (जस्तैः छिमेकको झगडा, पुराना र नयाँ पुस्ताबीचको मतभेद, चाडपर्वसँग सम्बन्धित तनाव)।
३. भूमिकाहरू बाँड्नुहोस्ः व्यक्ति क, व्यक्ति ख, मध्यस्थ (वैकल्पिकः निरीक्षक)।
४. सहभागीहरूले ३–५ मिनेटसम्म परिदृश्य अभिनय गर्नुहोस्।
५. रोक्नुहोस् र समीक्षा गर्नुहोस्ः
   - तपाईंले कुन भावना महसुस गर्नुभयो?
   - द्वन्द्व शान्त पार्न केले मद्दत गर्‍यो?
   - के कुराले द्वन्द्व बढायो?

६. भूमिकाहरू परिवर्तन गरी एउटै परिदृश्य फेरि अभ्यास गर्नुहोस् ताकि सबैले सबै भूमिकाको अनुभव पाउन्।

**सञ्चालकका सुझावहरूः**

- सहभागीहरूलाई "जित्न" होइन, बुझ्नमा ध्यान केन्द्रित गर्न प्रोत्साहित गर्नुहोस्।
- "म" कथनहरू प्रयोग गर्न प्रेरित गर्नुहोस् (जस्तैः "म यस्तो महसुस गर्छु जब...")।
- सांस्कृतिक रूपमा सान्दर्भिक परिदृश्यहरू छनोट गर्नुहोस्।

**अपेक्षित नतिजा:**

- द्वन्द्वका अवस्थाहरूमा अरूको दृष्टिकोण बुझ्ने क्षमता र सहानुभूति बढ्ने।
- सक्रिय रूपमा सुन्ने र अहिंसात्मक संवाद प्रयोग गर्ने सीपमा सुधार हुने।
- द्वन्द्व बढाउने र कम गर्ने व्यवहारहरू पहिचान गर्न सक्ने क्षमता विकास हुने।
- वास्तविक जीवनमा शान्तिपूर्ण रूपमा द्वन्द्व समाधान गर्ने आत्मविश्वास बढ्ने।

**गतिविधि २ः सहानुभूति घेरा**

**उद्देश्यः** सक्रिय सुनाइ मार्फत विश्वास निर्माण र समझदारी बढाउनु।

**समयः** २० – ३० मिनेट

**सामग्रीः** "बोल्ने वस्तु" (जस्तै ढुङ्गा, पात, डोरीको टुक्रा, वा परम्परागत सामग्री)

**प्रक्रिय:**

- सहभागीहरूलाई  गोलो घेरामा बस्न लगाउनुहोस्।
- केवल बोल्ने वस्तु समातेको व्यक्तिले मात्र बोल्न पाउने कुरा बुझाउनुहोस्।
- प्रेरणाका लागि संकेत दिनुहोस्, जस्तैः
    - "त्यो क्षण साझा गर्नुहोस् जब तपाईंलाई गलत बुझियो।"
    - "त्यो समय जब मैले कसैको द्वन्द्व समाधान गर्न मद्दत गरेँ।"
- प्रत्येक कथापछि, एक सुन्ने व्यक्तिले छोटकरीमा के सुने भन्ने बताउँछ र त्यसपछि प्रतिक्रिया दिन्छ।
- यो प्रक्रिया केही चरणसम्म दोहोर्याउनुहोस्।

**सञ्चालकका सुझावहरूः**

- जवान समूहको लागि सुरक्षित र भावनात्मक रूपमा त्रास नदिने संकेतहरू प्रयोग गर्नुहोस्।
- गहिरो विषयमा जानु अघि हल्का विषयबाट सुरु गर्नुहोस् (जस्तैः "त्यो समय जब मैले कसैलाई सहयोग गरेँ")।

**अपेक्षित नतिजा:**

- सहभागीहरूबीच विश्वास, सम्मान र सुरक्षित संवादको वातावरण विकास हुने।
- सक्रिय रूपमा सुन्ने र अरूको भावना तथा अनुभव बुझ्ने क्षमता बढ्ने।
- आफ्ना विचार र भावनाहरू खुला रूपमा व्यक्त गर्ने आत्मविश्वास वृद्धि हुने।
- आपसी समझदारी, सहानुभूति र सहयोगी व्यवहार सुदृढ हुने।

**कलात्मक अभ्यास १ः शान्ति प्रतीकको कोलाज**

**उद्देश्यः** सहभागीहरूले चित्रकलाको माध्यमबाट शान्ति के हो भन्ने व्यक्त गर्न सकून्।

**समयः** १५ – ३० मिनेट

**सामग्रीः** पुराना समाचारपत्र, रंगीन कागज, ग्लु, मार्कर।

**प्रक्रिय:**

- सहभागीहरूलाई सोध्नुहोस्ः "तपाईं र तपाईंको समुदायका लागि शान्ति प्रतिनिधित्व गर्ने प्रतीक, रङ वा तस्वीर के हो?"
- उनीहरूलाई शान्ति वा सद्भाव व्यक्त गर्ने कोलाज बनाउन आमन्त्रित गर्नुहोस्।
- पछि, सहभागीहरूले आफ्नो कला देखाएर आफ्ना विकल्पहरू व्याख्या गर्न लगाउनुहोस्।

**सञ्चालकका सुझावहरूः**

- शान्तिको व्याख्यामा सही वा गलत छैन भन्ने कुरा जोड दिनुहोस्।
- विविध समूहको लागि यो गतिविधि आइसब्रेकरको (Icebreaker) रूपमा राम्रो हुन्छ।

**अपेक्षित नतिजा:**

- सहभागीहरूले शान्तिको अर्थलाई आफ्नै दृष्टिकोण र सांस्कृतिक सन्दर्भमा सिर्जनात्मक रूपमा व्यक्त गर्न सक्ने।
- विविध विचार, प्रतीक र रंगहरूप्रति सम्मान र समझदारी विकास हुने।
- कला मार्फत भावनात्मक अभिव्यक्ति र संवाद गर्ने आत्मविश्वास बढ्ने।
- समूहबीच आपसी सहभागिता, सहकार्य र सकारात्मक वातावरण सुदृढ हुने।

# सन्दर्भ सूची (References)


Amnesty International Nepal, Human Rights Watch, International Commission of Jurists & TRIAL International. (2021). Nepal: 15 Years On, Act on Peace Agreement Pledges. Amnesty International Nepal. https://amnestynepal.org/press_release/en-nepal-15-years-on-act-on-peace-agreement-pledges

Bhattarai, P. (n.d.). Inclusive peacebuilding in Nepal: Challenges and opportunities. Peace Insight. https://www.peaceinsight.org/en/articles/inclusive-peacebuilding-nepal/?location=nepal&theme=

Galtung, J. (1969). Violence, peace, and peace research. Journal of Peace Research, 6(3), 167–191. https://doi.org/10.1177/002234336900600301

International Center for Transitional Justice. (2014). ICTJ Program Report: Nepal. International Center for Transitional Justice. https://www.ictj.org/latest-news/ictj-program-report-nepal

Lederach, J. P. (1997). Building peace: Sustainable reconciliation in divided societies. United States Institute of Peace Press.

McGill University. (n.d.). Civil war. Trauma and Global Health Program. McGill University. https://www.mcgill.ca/trauma-globalhealth/countries/nepal/profile/civilwar

Office of the United Nations High Commissioner for Human Rights, Nepal. (n.d.). Peace Through Justice Project. https://nepal.ohchr.org/en/peacethroughjusticemod.html

Organisation for Economic Co-operation and Development. (2008). Concepts and dilemmas of State building in fragile situations: From fragility to resilience. OECD. https://ideas.repec.org/a/oec/dcdkaa/5ksknq4h9tms.html

Peace Starts Here. (2024). The Peacebuilders' manifesto. Peace Starts Here. https://peacestartshere.world/the-peacebuilders-manifesto/

Raj, R. K. (n.d.). Nepal's peacebuilding journey and the pursuit of sustainable development. Centre for Social Change. https://socialchange.org.np/peace-and-social-cohesion-blog-series/nepals-peacebuilding-journey-and-sustainable-development/

Thapa, G. P. (2025, January 25). Lingering peace accord and peacebuilding in Nepal. New Spotlight Magazine. https://www.spotlightnepal.com/2025/01/25/lingering-peace-accord-and-peacebuilding-innepal/

United Nations. (2012). United Nations guidance for effective mediation. https://peacemaker.un.org/en/documents/united-nations-guidance-effective-mediation

United Nations Development Programme. (2015). Peacebuilding and conflict prevention. United Nations Development Programme. https://www.undp.org/crisis/peacebuilding

United Nations Development Programme Nepal. (2018). The Constitution of Nepal: A barrier for transitional justice. UNDP Nepal. https://www.undp.org/nepal/blog/constitution-nepal-barrier-transitional-justice

# परिशिष्ट (Annex)

### परिशिष्ट १ः व्यापक्र शान्ति सम्झौता (CPA)

व्यापक्र शान्ति सम्झौता सन् २००६ मा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच हस्ताक्षर गरिएको थियो। यस सम्झौताले दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गर्दै युद्धविराम, मानव अधिकार, लोकतान्त्रिक पुनर्संरचना, लडाकु व्यवस्थापन तथा संक्रमणकालीन न्यायसम्बन्धी प्रतिबद्धताहरू समेटेको छ।

# JOIN THE 'WE' MOVEMENT

## Connect With Us

+9779744253229

info@weforchange.org

https://www.weforchange.org

https://www.facebook.com/weforchange

https://www.instagram.com/weforchange.org

https://www.linkedin.com/company/weforchange2012/

https://www.youtube.com/@weforchangechannel




सावित्री गली, मिनभवन - ३१, काठमाडौं, नेपाल

+9779744253229 || info@weforchange.org || www.weforchange.org